बैठक संख्या :- ९१
मिति :- ०७८।०२।१९ गते बुधवार
समय :- दिनको २.०० बजे

कमलामाई नगरपालिका नगर प्रमुख श्री खड्ग बहादुर खत्रीज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा कार्यपालिकाको वैठक बस्यो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री खड्ग बहादुर खत्री | नगर प्रमुख |
| श्री मन्जु देवकोटा | उप प्रमुख |
| श्री महेश खतिवडा | वडाअध्यक्ष -१ |
| श्री नवराज थिङ | वडाअध्यक्ष -२ |
| श्री खड्ग प्रसाद चौलागाई | वडाअध्यक्ष -३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडाअध्यक्ष -४ |
| श्री पूर्ण बहादुर खड्का | वडाअध्यक्ष -५ |
| श्री उज्ज्वल कुमार थापा | वडाअध्यक्ष -६ |
| श्री कर्ण बहादुर घिसिङ | वडाअध्यक्ष -७ |
| श्री टिका बहादुर मुक्तान | वडाअध्यक्ष -८ |
| श्री देवराज पौडेल | वडाअध्यक्ष -९ |
| श्री रामहरी ढुङ्गेल | वडाअध्यक्ष -१० |
| श्री राम बहादुर थिङ | वडाअध्यक्ष -११ |
| श्री ललित बहादुर आले | वडाअध्यक्ष -१२ |
| श्री किरण माझी | वडाअध्यक्ष -१३ |
| श्री जितलाल अधिकारी दनुवार | वडआध्यक्ष -१४ |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री कान्ता ढकाल | कार्यपालिका सदस्य |
| श्री रुद्र कुमारी कार्की | कार्यपालिका सदस्य |
| श्री पदम कुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री सुनिता सार्की | कार्यपालिका सदस्य |
| श्री केशर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री झौला अधिकारी दनुवार | कार्यपालिका सदस्य |
| श्री नरेश विश्वकर्मा | कार्यपालिका सदस्श्री |
| विशकसेन ढकाल | सदस्य सचिव (प्र.प्र.अ) |

निर्णय नं. १ : संघीय सरकारबाट प्राप्त सशर्त अनुदान अन्तर्गतको कुष्ठ प्रभावित समूहका लागि आयआर्जन कार्यक्रम अन्तर्गत प्राप्त भएको बजेट कमलामाई नगरक्षेत्रभित्रको स्वंय सहायता समूह कमलामाई नगरपालिका वडा न ११ रानीचुरी र कमलामाई नगरपालिका वडा नं १४ मा रहेको स्वंय सहायता समूहबाट कार्यक्रमको प्रस्ताव पेश गरी माग गरेकाले संघीय सरकार सशर्त बजेटको मार्गदर्शन बमोजिम कार्यक्रम संचालन हुने गरी उक्त दुवै समूहहरुलाई रु. ५०,०००।- ( अक्षेरेपी रु. पचास हजार मात्र । ) का दरले रकम उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २ : कमलामाई नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ मा चालुतर्फ विनियोजित खर्च शीर्षक २२५२९ को भैपरी आउने बजेट रकम विभिन्न वडाको सिफारिसमा पुजिगत विविध फूटकर कार्यक्रममा खर्च भएकाले उक्त खर्चहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : कमलामाई नगरपालिकाका विभिन्न वडा कार्यालयहरुमा यस वर्षको सुख्खा मौसममा खानेपानीको ठूलो समस्या परेको र उक्त समस्या समाधानका लागि वडा कार्यालयहरुबाट खानेपानी आपूर्ति गराउन नगरकार्यपालिका कार्यालयलाई सिफारिस गरि खानेपानीका साना आयोजना/कार्यक्रमहरु पठाएको अवस्थामा नगरकार्यपालिका कार्यालयले समस्याको छिटो समाधान गर्न तपसिल बमोजिमका खानेपानी आयोजना/कार्यक्रमहरुको कार्य गर्न वडा कार्यालयहरुमा लेखी पठाएको र हाल कार्यसम्पन्न भै भुक्तानीका लागि वडा कार्यालयहरुबाट सिफारिस समेत प्राप्त भएकाले खानेपानी जस्तो अत्यावश्यक कार्यमा भएको खर्चको भुक्तानी नगरपालिकाको प्रकोप व्यवस्थापन कोषबाट गर्ने निर्णय गरियो ।

तपसिल:

| क्र.सं. | वडा नं. | योजनाको नाम | रकम |
|---|---|---|---|
| १ | ४ | ईनार निर्माण | ७०००० |
| २ | ४ | ईनार निर्माण | ८०००० |
| ३ | ४ | ज्यामिरेमा ईनार निर्माण | ७०००० |
| ४ | ४ | ईनार निर्माण (शिवालय) | ६०००० |
| ५ | ४ | ईनार निर्माण (गणेश ढकाल) | ६०००० |
| ६ | ४ | खानेपानी ईनार निर्माण (मिलनचोक) | ८०००० |
| ७ | ४ | सिचाई ईनार निर्माण | १००००० |
| ८ | ४ | ईनार निर्माण | ७०००० |
| | | जम्मा | ५९०००० |

| क्र.सं. | वडा नं. | योजनाको नाम | रकम |
|---|---|---|---|
| १ | ५ | ईनार निर्माण | ७०००० |
| २ | ५ | खानेपानी ईनार निर्माण | ५०००० |
| ३ | ५ | खानेपानी ईनार निर्माण | ८०००० |
| ४ | ५ | ईनार निर्माण | ८०००० |
| ६ | ५ | ईनार निर्माण | ७०००० |
| ८ | ५ | राजपानी ईनार निर्माण (सावित्रा थापा) | ७०००० |
| ९ | ५ | ईनार निर्माण जरायोटार खानेपानी | ८०००० |
| १० | ५ | ईनार निर्माण (नविन अधिकारी) | ५०००० |
| ११ | ५ | ऐसेलु जगार खानेपानी | २००००० |
| १२ | ५ | चिसापानी झोरामा ईनार निर्माण | ८०००० |
| | | जम्मा | ८३०००० |

| क्र.सं. | वडा नं. | योजनाको नाम | रकम |
|---|---|---|---|
| १ | ६ | ईनार निर्माण (जनार्दन प्रसाद कोईराला) | ५०००० |
| २ | ६ | अनामनगर खानेपानी ईनार | ७०००० |
| ३ | ६ | ईनार निर्माण | १००००० |
| | | जम्मा | २२०००० |

| क्र.सं. | वडा नं. | योजनाको नाम | रकम |
|---|---|---|---|
| १ | ७ | ईनार निर्माण | ५०००० |
| २ | ७ | चुहार हाङ्गे खानेपानी | १००००० |
| | | जम्मा | १५०००० |

| क्र.सं. | वडा नं. | योजनाको नाम | रकम |
|---|---|---|---|
| १ | १० | डाँडाटोल खानेपानी | ५०००० |
| २ | १० | बेलाहा खानेपानी टंकी मर्मत | १००००० |
| | | जम्मा | १५०००० |

| क्र.सं. | वडा नं. | योजनाको नाम | रकम |
|---|---|---|---|
| १ | १३ | खानेपानी पाईप | १००००० |
| २ | १३ | टंयाङ्की मर्मत | ५०००० |
| | | जम्मा | १५०००० |

**जम्मा रकम रु. २०९००००।- अक्षेरेपी वीस लाखा नब्बे हजार मात्र ।**

निर्णय नं. ४ : कमलामाइ नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को विनियोजन ऐन २०७७ को दफा ३ को उपदफा २ मा व्यवस्था भए अनुसार बचत हुने कुनै शीर्षकको रकम अपुग हुने शीर्षकमा रकमान्तर गर्न सकिने व्यवस्था भएकाले ऐनमा व्यवस्था भए अनुसार बढीमा २५ प्रतिशतले ननाघ्ने गरी तपसिल बमोजिम रकमान्तर गर्ने निर्णय गरियो ।

| घटाउने | | | | थप हुने | | | |
|---|---|---|---|---|---|---|---|
| शीर्षक | हालको बजेट | घट्ने रकम | कायम हुने बजेट | शीर्षक | हालको बजेट | थप हुने रकम | कायम हुने बजेट |
| सिटी हल निर्माण क.न.पा.६ | १,५०,००,०००।- | ३७,५०,०००।- | १,१२,५०,०००।- | फूटकर पुजिगत विविध कार्यक्रम | १,२३,००,०००।- | २६०००००।- | १४९०००००।- |
| ल्याण्डफिल्ड साइड स्तरोन्नती | ३०,०२,०००।- | ७,५०,५००।- | २२,५१,५००। | ऐलानी जग्गा अभिलेखीकरण कार्यक्रम पुजीगत तर्फ | ४५,००,०००।- | २८५०५००।- | ७३५०५००।- |
| साझेदारीमा कार्यक्रम संचालन पशु | २३०००००।- | ५७५०००।- | १७२५०००।- | | | | |
| भगिनी सम्बन्ध प्रबन्ध कार्यक्रम | १५०००००।- | ३७५०००।- | ११२५०००।- | | | | |
| जम्मा | | ५४५०५००।- | | जम्मा | | ५४५०५००।- | |

निर्णय नं. ५ : कमलामाई नगरपालिका नगरकार्यपालिका कार्यालयमा रहेको प्रकोप व्यवस्थापन कोष ( कोरोना रोकथाम कोष समेत ) अन्तर्गत आर्थिक वर्ष २०७७/७८ को पौष १ गते देखि हालसम्म भएको तपसिल बमोजिमका खर्च विवरणहरु अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.सं. | खर्चको विवरण | खर्च रकम | कैफियत |
|---|---|---|---|
| १ | क.न.पा. ६ र ७ जसेदमार बधेरी चुहार टोलमा कोभिड १९ को कारण २०० लि. को ३ वटा पानी ट्याँकी राख्ने कार्य | ७१०३।- | |
| २ | क्वारेन्टाइन केन्द्रमा कार्यरत कर्मचारीको पारिश्रमिक | ९१५००।- | |
| ३ | विभिन्न व्यक्तिहरुको घर आगलागि तथा अन्य प्रकोप राहत- १२ जना | ८४०००।- | |

| | | | |
|---|---|---|---|
| ४ | कोभिडका सन्दर्भमा कक्षा २ देखि कक्षा ५ सम्मका विधार्थीको लागि स्वअध्ययन सामाग्री तथा अभ्यास पुस्तिका | ४४८८९२।- | |
| ५ | एम्बुलेन्सको राक्न पार्टेशन खर्च | १००००।- | |
| ६. | अस्पतालको आइसोलेशनमा बस्ने विरामीको डिजे खरिद | १०५००।- | |
| ७ | कोभिड रोकथामका लागि जिङ्गल प्रशारण र अटो भाडा समेत | २०८५०।- | |
| ८ | स्यानिटाइजर तथा ग्लोबस खरिद | ५६२३००।- | |
| ९ | सर्जिकल मास्क ३ लियर चाइनिज | ४४२९६०।- | |
| | जम्मा | १६७८१०४।- अक्षेरेपी सोर्‌ह लाख अठहत्तर हजार एक सय चार मात्र । | |

निर्णय नं. ६ : फुटकर विविध कार्यक्रमं खर्च शीर्षकमा यस अघि भएका खर्चहरुको अनुमोदन गर्ने रं बाँकी फुटकर कार्यक्रममा नगरप्रमुख ज्यूको स्वीकृतीमा रु. ३ (तीन) लाखसम्मको आयोजना/कार्यक्रम छनौट गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ : संघीय सरकार तथा प्रदेश सरकारको सशर्त कार्यक्रम अन्तर्गको लागत साझेदारीमा गाई प्रवर्द्धन कार्यक्रम संचालनका लागी तपशिलमा उल्लेखित विवरण अनुसारको प्राविधिक मापदण्ड बनाई गाई खरीद तथा मूल्य निर्धारण को सिमा परीधिमा रहि कार्यपालिकाको २०७८/०१/१४ गतेको बैठकमा भएको निर्णय अनुसार छनौट भएको लाभान्वीत समुह/ सहकारीले खरीद समिति गठन गरेर गाई खरीद गर्ने कुराको बारेमा कृषि समिति मार्फत बनेको प्राविधिक समितिको बैठकले निर्णय गरी कार्य अघि बढाएको र कार्यालयसँग सम्झौता भइसकेकोले उक्त प्राविधिक समितिले बनाएको मापदण्डलाई अनुमोदनको गर्ने निर्णय गरियो ।

तपशिल

क) गाई खरिदका प्राविधिक मापदण्डहरु

| क्र.स. | विवरण | आवश्यकता |
|---|---|---|
| १ | नश्ल शुद्धता | जर्सि/होलिष्टिन फ्रिजियन जातको गाईमा जातिय शुद्धता ६२.५ प्रतिशत भन्दा माथि हुनुपर्ने। |
| २ | नश्ल प्रकार | दुधालु जातको हुनुपर्ने। |
| ३ | देश र जन्म स्थान | नेपाल (दुध उत्पादन सुधारका लागी पालिने जातहरु) |
| ४ | गाईको उमेर | कम्तिमा ४ वर्ष भन्दा कम उमेरको हुनुपर्ने। |
| ५ | दुध उत्पादन | जर्सि क्रसको लागि कम्तिमा प्रतिवेत ३२०० लिटर र होलिष्टिन फ्रिजियनको लागि ३६०० लिटर दुध दिने |

| | | |
|---|---|---|
| | | हुनुपर्ने। |
| ६ | प्रतिवेत दुध दिने अवधि | ३०० दिन हुनुपर्ने। |
| ७ | गाईको शारिरिक विशेषता | शारिरिक तौल कम्तिमा ३०० केजि हुनुपर्ने |
| | | शारिरिक सुचाङ्क ( Body condition score)कम्तीमा ३ देखि ५ हुनुपर्ने |
| | | चारवटै थुनको आकार मिलेको हुनुपर्ने |
| ८ | रोगको अवस्था | प्रजनन र वंशाणुगत(reproductive and vertically) रोग नभएको |
| | | पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०५५ र पशु स्वास्थ्य तथा पशु सेवा नियमावलि २०५६ अनुसार कुनैपनि जीर्ण प्रकारको रोग नभएको जस्तैः टी.वि, ब्रुसेलोसिस, जोन्स इत्यादि। |
| ९ | प्रमाण रेकर्ड समावेश | जात, जन्मस्थान, पशु पहिचान नम्बर, रोगमुक्त स्वास्थ्य प्रमाण पत्र हुनुपर्ने। |

**ख) गाई खरिदको दर रेटका मापदण्डहरु :**

१. माउँ गाईको हकमा जर्सि प्रति गाई कम्तिमा ६२.५ प्रतिसत रक्तगुण भएको रु. ८५,०००।० मा नबढाईकन खरीद गर्नुपर्नेछ र होलस्टेन फ्रिजियन प्रति गाई कम्तिमा ६२.५ प्रतिसत रक्तगुण भएको रु. १,००,०००।० मा नबढाईकन खरीद गर्नुपर्नेछ ।

निर्णय नं. ८ : कमलामाई नगरपालिकाको संघीय सशर्त तर्फको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रधानमन्त्री कृषि आधुनिकीकरण परीयोजना अन्तरगत बाखाको साना व्यावसायीक कृषि उत्पादन (पकेट) विकास कार्यक्रम संचालनकालागी तपशिलमा उल्लेखित विवरण अनुसारको प्राविधिक मापदण्ड बनाई बाखा खरीद, खोर निर्माण तथा मूल्य निर्धारण को सिमा परीधिमा रहि लाभान्वीत संस्थाले खरीद समिति गठन गरेर बाखा खरीद गर्न सक्नेछन र उक्त प्राविधिक समितिले बनाएको मापदण्डलाई अनुमोदनको गर्ने निर्णय गरियो ।

तपशिल :

क) प्रजनन माउ बाखा खरीदका लागी :

१. दुई वा दुई भन्दा बढि पाठापाठी जन्माउने माउ बाखाको सन्तान हुनुपर्ने ।
२. खरीद गरीने बाखाको माउ(Dam) र बाउ(Sire) को बिच नाता नभएको हुनुपर्ने ।
३. पहिलो पटक ब्याउने उमेर बढीमा १७ महिना सम्म हुनुपर्ने ।
४. दुई वर्षमा ३ ब्याउने विषेशता भएको हुनुपर्ने ।
५. छनौट गरीने बाखाको जात अनुसार जातिय गुण स्पष्ट हुनुपर्ने ।
६. राम्रो दूध उत्पादन तथा पाठापाठी हुर्काउन सक्ने क्षमता भएको, लामो खुट्टा, त्रिभुज आकारको शरीर, कल्द्वौडा र थुन मिलेको हुनुपर्ने ।
७. शारीरीक बनावटमा कुनै खोट नभएको, प्रजनन तथा अन्य रोऊ नभएको हुनुपर्ने ।
८. छनौट गर्न बाखले स्थानिय हावापानी सहन सक्ने र स्थानिय रुपमा उपलब्ध हुने घाँसपात उपयोग गर्ने खालको हुनु पर्छ ।
९. खरीद गर्ने समयमा कम्तिमा १५ के.जी. शारीरीक तौल भएको हुनु पर्दछ ।

१०.खरीद गरीने बाखा सकभर खरी, जमुनापारी क्रस तथा बोयर क्रस जातको हुनु पर्दछ ।

ख) प्रजनन माउ बाखा खरीदका लागी :

१. दुई वा दुई भन्दा वढि पाठापाठी जन्माउने माउ बाखाको सन्तान हुनुपर्ने ।
२. खरीद गरीने बोकाको माउ(म्क) र बाउ(क्चभ) को बिच नाता नभएको हुनुपर्ने ।
३. प्रजननको लागी खरीद गरीने बोका राम्रो दूध दिने माउबाट जन्मिएको हुनुपर्ने ।
४. आफ्नो दौतरी भन्दा बढि शारीरीक वृद्धिदर भएको छनौट गर्नुपर्ने ।
५. छनौट गरीने बोका जात अनुसारको जातिय गुण स्पष्ट भएको हुनुपर्ने ।
६. दुवै अण्डकोष राम्रोसँग विकास भएको र एकै आकार प्रकारको हुनु पर्ने ।
७. फुर्तिलो, दानापानी रुचाएर खाने, छाला,रौं सफा र चम्किलो, उमेर अनुसार शारीरीक बृद्धि भएको हुनु पर्ने ।
८. चौडा छाती, सिधा तथा बलियो खुट्टा र टाउको तथा गर्दनको अनुपात मिलेको शरीर हुनुपर्नेे।
९. प्रजनन सम्बन्धी रोग तथा अन्य रोगहरुबाट मुक्त हुनुपर्नेे।
१०. कम्तिमा १ वर्ष उमेर पुगेको हुनुपर्नेे।
११. खरीद गरिने समयमा कम्तिमा २५ केजि तौल हुनुपर्नेे।

ग) बाखाको खोर निर्माणका मापदण्डहरु

१. घाम लाग्ने पारीलो, पानी नजम्ने स्थान हुनुपर्नेे।
२. दुवै तर्फ हावा आवतजावत ( ventilation)को व्यवस्था भएको हुनुपर्नेे।
३. सामान्यतया जमिनबाट ९० से.मि.को उचाइमा खोर निर्माण भएको बाखाको खुट्टा नछिर्ने, बकौंला छिर्ने (०.५ इन्चको फरकमा) बत्ति ठोकिएको हुनुपर्नेे।
४. खोरमा (ज्बथ चबअप) टाटनो को व्यवस्था गरेको हुनुपर्नेे।
५. सामान्यतया प्रति बाखा १.५-१.८ वर्ग मिटर र प्रजनन योग्य बोकालाई २.५ वर्गमिटरको हिसाबले खोर निर्माण गरीएको हुनुपर्नेे।
६. सरसफाई तथा जैविक सुरक्षा र दिशापिसाबको उचित व्यवस्थापनको प्रबन्ध मिलाइएको हुनुपर्नेे।

घ) माउँ बाखा तथा बोकाको दर रेटका मापदण्डहरु :

१. माउँ बाखाको हकमा प्रति बाखा १०,०००।० मा नबढाईकन खरीद गर्नुपर्नेछ ।
२. प्रजननका लागी ब्याडे बोकाको हकमा प्रति बोका रु. २५,०००।० र बोयर क्रस जातका बोकाहरु रु. ५०,०००।०० सम्ममा खरीद गर्नुपर्नेछ ।
३. अन्य कुरा कमलामाई नगरपालिकाको निर्णय अनुसार हुनेछ ।

निर्णय नं. ९ : यस नगरपालिका अन्तर्गतका शिक्षकहरु प्रसुति विदामा रहको अवस्थामा स्वयम् सेवक शिक्षक ब्यवस्थापनको लागि वाल विकास सहजकर्ता, प्रा.वि, नि. मा. वि .र मा. वि. तहको लागि क्रमश: रु.८०००/- रु.१३५००/- रु.१५०००/- र रु.१७०००/- बढीमा ३ महिनाको लागि उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १० : यस नगरपालिका भित्र सन्चालनमा रहेका समुदायिक विद्यालयमा कार्यरत विद्यालय सहयोगी, लेखा सहायक, आया र बालविकास स.का.लाई पारिश्रमिक स्वरुप वार्षिक एकमुस्ठ क्रमश: रु.५०००/- रु.८०००/- रु.५०००/- र रु.१२०००/- उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ११ : यस कमलामाई नगरपालिका भित्र नगर अनुदानमा कार्यरत मा. वि., नि .मा .वि.,वालविकस र शिक्षा सहजकर्ताको सट्टा शिक्षकहरुलाई क्रमशः रु.२८१५३/-,रु.२३५००/-, रु.७०००/- र रु.३७९९०/- तथा पोषाकभत्ता वार्षिक रु.१००००/- उपलब्ध गराइएकोमा सोको अनुमोदन गरी बाँकी अवधिको समेत सोही आधारमा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १२ : कमलामाई नगरपालिका अन्तर्गत रिक्त हुन आउने संघिय तथा नगर स्तरिय शिक्षक तथा कर्मचारीहरुको पदपूर्ति गर्दा पाउने पारिश्रमिकको मिति २०७७/ ०९ / २३ मा भएको निर्णयमा शिक्षक छनौट समितीको वैठक भत्ता रु.१५००/- र सहयोगी कर्मचारीलाई काम गरेको दिनको पारिश्रमिक रु.५००/- उपलब्ध गराउने कुरा छुट्न गएको हुदा उक्त निर्णयमा सो समेत थप गरी शिक्षक कर्मचारी छनौट कार्यमा संलग्न समितीका सदस्य, विज्ञ तथा कर्मचारीहरुलाई २०७७ श्रावण देखि नै लागु हुनेगरी पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १३ : सामुहिक रुपमा गार्मेन्ट व्यवसाय संचालन गर्नको लागि यस कमलामाई नगरपालिकाले वडा नं. ६ दुई नम्बर बजारमा घर भाडा लिएको । सो घरको घर भाडा मासिक रु. ५०००।-( पाँच हजार) का दरले २०७७ श्रावण देखि २०७७ चैत्र मसान्त सम्म नौ महिनाको रु.४५,०००।-( पैतालिस हजार) र विद्युत महसुल बापत नौ महिनाको रु.१४,४४८।-(चौध हजार चार सय अड्चालीस) गरि जम्मा रु. ५९,४४८।-( उनान साठ्ठि हजार चार सय अड्चालीस ) घर धनि श्री कृष्णहरि ढुङ्गेललाई भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. १४ : आ.व. ०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रम स्वरोजगारका लागी व्यवसाय प्रवर्द्धन कार्यक्रम (कर्जा लगानी तालिम समेत) कार्यक्रमबाट तपशिल बमोजिमका ४२ जना युवा व्यवसायीहरुलाई युवा स्वरोजगार कार्यक्रम संचालक समितिको निर्णय बमोजिम उपलब्ध गराएको ऋणलाई अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल :

| सि.नं. | व्यबसायीको नाम | वडा नं. | व्यवसाय | स्वकृित रकम | फोन नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ज्ञानु कुमारी कार्की | ७ डाडाटोल | तरकारी खेती | २,०००००। | ९८४४१३९४१२ | |
| २ | पार्वती रुम्वा | ७ साक्तीटार | बंगुर पालन | १,५०,०००। | ९८२५८२९०४० | |
| ३ | मिठु वाईवा | ८ पाथीपरान | राभा /बाख्रा पालन | २,०००००। | ९७४४०७२७३२ | |
| ४ | उजेली माया स्याङतान | ८ पाथीपरान | किराना पसल | १,५०,०००। | ९८१९४४५६११ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | गोविन्द गौतम | ९ भिमान बजार | आल्मुनियम फेविकेसन | २,००००० | ९८४४२५३३५५ | |
| ६ | उर्मिला बस्नेत | ९ ईनारपानी | किराना/होटल | २,००००० | ९८१६८७८५१८ | |
| ७ | मेनुका कार्की | ११ थरही | मिलन पोल्ट्री फर्म | २,००००० | ९८०९७०११०२ | |
| ८ | तेज बहादुर वि.क | ११ छत्तिवन | भैसी पालन | २,००००० | ९८०४८२८६६६ | |
| ९ | ईन्द्र बहादुर पौडेल खत्री | ११ बेसारे निवासी वडा नं. ६ मा व्यवसाय | शारदा होटल | १,००००० | ९८२१५१७८७९ | |
| १० | हिरालाल श्रेष्ठ | १२ बुदुना | रागा पालन | २,००००० | ९८१५८४६२०३ | |
| ११ | लाल बहादुर श्रेष्ठ | १२ बुदुना | तरकारी खेती | १,५०,००० | ९८१२०७३६१८ | |
| १२ | हरि बहादुर घिमिरे | १० जहानटोल | गाईपालन | २,००००० | ९८४४४५१४१२ | |
| १३ | विपना गोल | १ खयरसाल | सेन्सु बाख्रा तथा लोकल कुखुरा फर्म | २,००००० | ९८६१०३१९०४ | |
| १४ | आसन थापा | ६ स्टलवजार | ब्रदरउड कृषि तथा पशुपक्षी फर्म | १,५०,००० | ९८१२०३७८०० | |
| १५ | अमर बहादुर नेपाली | १२ बुदुना | रागा तथा कुखुरा पालन | १,५०,००० | ९८२५८८१२४९ | |
| १६ | चित्र बहादुर कार्की | १० मटेरी | किराना पसल | १,५०,००० | ९८६९०४८६१२ | |
| १७ | मन्दिरा चौलागाइ | ३ चपौली | तरकारी तथा च्याउ फर्म | २,००००० | ९८००८०४११५ | |
| १८ | कृष्ण बहादुर कार्की | ३ चपौली | कुखुरा पालन | १,५०,००० | ९८६०१८३२१७ | |
| १९ | रामु बैजु | ४ साख्वाले | कुखुरा पालन | १,५०,००० | ९८४४१०५९१६ | |
| २० | डेटराज खत्री | ९ ईनारपानी | कृषि तथा पशुपक्षी फर्म | १,५०,००० | ९८६००५२३६४ | |
| २१ | प्रतिक कार्की | ६ २ नं बजार | प्रतिक फाईबर व्याग उद्योग | ३,५०,००० | ९८४४०४००८९ | |
| २२ | हस्तमाया मोक्तान | ४ वि.पि. नगर | पुजा पोल्ट्री फर्म | १,५०,००० | ९८४४००५१७६ | |
| २३ | महेन्द्र गदैली | १४ रानीवास | ग्रिल उद्योग | ३,००००० | ९८०५१८२८८९ | |
| २४ | कविता ढकाल चौलागाई | २ गणेश मन्दिर छेउ | बाख्रा पालन | २,००००० | ९८४३६१४१७७ | |
| २५ | प्रमिला लामा | २ बोहोरे | बाख्रा पालन | ३,००००० | ९८४१६४३५८३ | |
| २६ | अस्मिता विश्वकर्मा | ४ आहाले | गाई पालन | २,००००० | ९८४९२८४७८६ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २७ | सपना निरौला खतिवडा | १ डाडी | बाखा पालन | ३,०००००। | ९८१६८७६३६२ | |
| २८ | अप्सरा कुमारी न्यौपाने | ७ कालीखोला | बाखा पालन | ३,०००००। | ९८४४४४२६१९ | |
| २९ | राम बहादुर थिङ | १२ किर्नेखोला | बाखा पालन | ३,०००००। | ९८२४८०२१५८ | |
| ३० | विशाल खत्री | ४ पोखरेल गाउ | बाखा पालन | ३,०००००। | ९८००८०४१९८ | |
| ३१ | सरोज भण्डारी | १३ बयरबन | कुखुरा पालन | ३,०००००। | ९८२६८३५७३९ | |
| ३२ | सुनिता वि.क. | ८ वेसारे | बाखा पालन | २००००० | ९८१३७०११०५ | |
| ३३ | श्याम कुमार सुनुवार | ६ पानीटंकी | कुखुरा पालन | ३,०००००। | ९८६०३२२३८१ | |
| ३४ | शुशिला पुलामी | १ डाडी | कुखुरा तथा बंगुर | ३,०००००। | ९८१२०००१६२ | |
| ३५ | लक्ष्मी थापा | ९ भिमान | सिलाई कटाई | २००००० | ९८६३३३८४९६ | |
| ३६ | सपना राउत | १३ महडा | कृषि तथा पशुपक्षी | ३,०००००। | ९८४७७७८३७७ | |
| ३७ | हेम कुमारी थापा | ७ बर्देउटार | भैसी पालन | २००००० | ९८४४०७५९३६ | |
| ३८ | कमल बहादुर खत्री | ६ पानीटंकी | अटो व्यवसाय | ३,०००००। | ९८६९६९२२३८ | |
| ३९ | भोज बहादुर रानामगर | ११ जस्मनटार | शैलुङ | ३,०००००। | ९८१७८४५५१० | |
| ४० | रमिला खडका देवकोटा | ४ ढकालगाउ | केरा तथा तरकारी खेती | ३,०००००। | ९८४४०९२७५७ | |
| ४१ | कमला देवकोटा तिमल्सिना | ५ साङ्वाले | आथिका कृषि फर्म | २,५०,००० | ९८५५४४१३१२ | |
| ४२ | समिर अधिकारी | ४ साङ्वाले | अब अटो व्यवसाय | २००००० | ९८४२४२६५०७ | |

निर्णय नं. १५ : निम्न अनुसारका व्यक्तिहरुलाई उपचार सहयोगर्थ आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

| सि.नं. | व्यक्तिको नाम, थर, ठेगाना | रकम | कैफियत |
|---|---|---|---|
| १ | शम्भु तामाङ, कनपा ५ | ५० हजार | |
| २ | विजुला विश्वकर्मा, कनपा ४ | १० हजार | |

निर्णय नं. १६ : चालु आ.व.०७७/०७८ मा संचालनको लागि स्वीकृत वडा स्तरीय योजना मध्ये देहाय बमोजिमका योजनाहरुको वडा कार्यालयको सिफारिस अनुसार संशोधन गर्ने निर्णय गरियो ।

| सि.नं. | स्वीकृत योजनाको विवरण | संशोधित योजनाको विवरण | कैफियत |
|---|---|---|---|
| १ | वेलाहा खानेपानी ट्याकी निर्माण क.न.पा.१० | वेलाहा खानेपानी योजना क.न.पा.१० | |
| २ | वडा कार्यालय वृक्षरोपण तथा साजसज्जा क.न.पा. ९ | वडा कार्यालय रंगरोगन तथा साजसज्जा क.न.पा ९ | |
| ३ | धुरे खानेपानी निर्माण क.न.पा वडा नं. | खानेपानी ईनारमा पाईप मोटर | |

| | | | |
|---|---|---|---|
| | ०९ | खरिद क.न.पा. वडा नं. ०९ | |
| ४ | बाटो मर्मत तथा सरसफाई क.न.पा ४ | सडक तथा सिढी सरसफाई कार्यक्रम | रु २५,०००/- |

निर्णय नं. १७ : आ.व. ०७८/०७९ वार्षिक बजेट तथा नीति कार्यक्रम सहित मिति २०७८ असार १० गते दिनको २ बजे नवौं नगर सभा संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. १८ : विट्स कन्स्ट्रक्सन प्रा.लि., कनपा ०१, सिन्धुली र सि.एस. कन्स्ट्रक्सन एण्ड कङक्रिट प्रोडक्ट्स प्रा.लि, कनपा ८, सिन्धुलीद्वारा पेश गरिएको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्ययन प्रतिवेदन स्वीकृत गर्ने ।

निर्णय नं. १९ : सार्वजनिक खरिद अनुगमन कार्यालयको च.नं. ११९४ मिति २०७८/०१/३० को पत्र मार्फत Valley/Baburatha/Kunwar J.V. Koteshor, Kathmandu लाई कालो सूची राख्ने सम्बन्धमा कार्यालयबाट भएको निर्णयको प्रमाणित प्रतिलिपि लगायतको थप कागजात माग गरिएकोमा यस भन्दा अगाडीको कार्यपालिकाबाट भएको निर्णय प्रतिलिपि प्रमाणित गरि पठाउने र जमानतका हकमा खरिद प्रकृया पुरा गर्ने क्रममा Development Partner बाट सम्झौताको ड्राफ्टमा कमेन्ट आउन, सार्वजनिक खरिद अनुगमन कार्यालयबाट राय माग गरिएको र सो को स्वीकृत प्रकृयाको लागि समय लागेको कारणबाट Bid vadility period समाप्त भएकोले जमानत जफत गर्न नसकिएको हुदाँ कालोसूचीमा राखी कारवाही प्रकृया अगाडी बढाइ दिनुहुन सार्वजनिक खरिद अनुगमन कार्यालयमा अनुरोध गर्ने ।

निर्णय नं. २० : कमलामाई नगरपालिका क्षेत्र भित्रका स्थाई बसोवास गरेका स्थानिय वासीहरुलाई कोभिड संक्रमणका कारण मृत्यु हुन गएमा स्पष्ट प्रमाण सहित वडा कार्यालयको सिफारिसमा मृतकको परिवारलाई काजकिया खर्च वापत विपद व्यवस्थापन कोषबाट रु १५०००/- (पन्ध हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २१ : जिल्ला समन्वय समिति सिन्धुलीको मिति २०७७ माघ ०६ गतेको प्राप्त पत्रानुसार एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) आ.व. ०७७/०७८ को मानसिक रोग सम्बन्धी कार्यको लागि सिन्धुली अस्पताल विकास समितिको खाता नं. १०६०१०००११६४६५००१ मा रु ८७३००/- (सतासि हजार तीन सय) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २२ : कमलामाई नगरपालिका वडा नं.४ अन्तरगत सालडाडा राक्से केरावारी सडक मर्मत कार्यको लागि रु.१००००००। -दस लाख) स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट विनियोजन भई नयाँ ट्याक खोल्नेर विभिन्न स्थानमा ह्युमपाईप कलभर्ट निर्माण कार्यको लागत अनुमान तयार भई योजना सम्झौता भएकोमा स्थानीय उपभोक्ताको माँग, वडा कार्यालयको निर्णय र समवन्धित साईट ईन्चार्जको प्रतिवेदन अनुसार नयाँ ट्याक खोल्ने कार्य भएको हुँदा सोही बमोजिम लागत अनुमान संशोधन गरी योजना फरफारक गर्ने निर्णय गरियो ।

निर्णय नं.२३

कमलामाई नगरपालिकाबाट डि.पि.आर.तयार गरिएको तपसिलमा उल्लेखित सडक योजनाहरुको लागि आवश्यक बजेट विनियोजनको गरी दिन राष्ट्रिय योजना आयोगमा अनुरोध गर्ने ।

१. रातमाटा प्लानिङ सरक कालोपत्रे ।
२. पानीटयांकी डाँडाटोल सडक कालोपत्रे ।
३. सिलामे वेलटार सडक स्तरोन्नती ।
४. पानीटयांकी आछामेटोल सडक कालोपत्रे ।
५. माईस्थान तिनतले ईश्वरपुर सडक स्तरोन्नती

निर्णय न.२४

आलु आ.व.०७७/०७८ मा संचालित योजनाहरुको कार्यसम्पन्न गर्नुपर्ने अवधि ०७८ वैशाख मसान्त र ०७८ जेठ मसान्त लेखिएकोमा कोभिड १९ को कारणबाट कार्य सम्पन्न गर्न कठिनाई भएकोले मिति ०७८ असार २० सम्म म्याद थप गर्ने ।